# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१०।१५ गते

## प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला सर्लाही, साविक चन्द्रनगर गा.वि.स. (हाल चन्द्रनगर गाउँपालिका)को कार्यालय सहायक (रा.प.अनं.द्वितीयस्तर) पदमा कार्यरत राजकुमार कापरको नागरिकता र शैक्षिक योग्यताको प्रमाण-पत्र छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज राजकुमार कापरको नागरिकता प्रमाण-पत्र सक्कलै रहेको पाइयो तर निजले बिहार संस्कृत शिक्षा बोर्ड पटना, भारतबाट प्राप्त गरेको एस.एल.सी. तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी उक्त गाउँपालिकाको कार्यालय सहायक (रा.प.अनं.द्वितीयस्तर) पदमा बहाल रही सरकारी लाभ तथा सुविधा समेत लिएको देखिन आएकोले निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता